# तुलसीपुर उपमहानगरपालिका
# लुम्बिनी प्रदेश, नेपाल
# स्मार्ट छोरी, विहेवारी २० वर्ष  पारी कार्यक्रम संचालन
# कार्यविधि
# २०७७

तुलसीपुर उपमहानगर नगरकार्यपालिकाको कार्यालय, दाङ्ग

# स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी कार्यक्रम संचालन कार्यविधि २०७७

<u>नगर कार्यपालिकाबाट पारित मितिः २०७७।०७।१८</u>

**प्रस्तावनाः**

यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाले संवत् २०७७ साल साउन १ गते वा सो मिति पछि तुलसीपुर उपमहानगरपालिका भित्र जन्मिएका छोरीहरुको वैक खाता खोली बीस वर्षको उमेर सम्म हरेक वर्ष निश्चित रकम जम्मा गरि उनीहरुको आर्थिक, सामाजिक सशक्तिकरण तथा समयानुकुल अर्थपुर्ण गुणस्तरीय जीवन निर्माणका लागि तुलसीपुर उपमहानगरपालिका भित्र " स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रम संचालन तथा ब्यवस्थापन गर्नका लागि कार्यविधि आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी तुलसीपुर उपमहानगरपालिकाले **स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी कार्यक्रम संचालन कार्यविधि, २०७७** तयार गरिएको छ ।

## परिच्छेद- १
## <u>प्रारम्भिक</u>

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम " स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रम संचालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यबिधि नगरकार्यपालिकाको बैठकले पारित गरी नगर प्रमुखबाट प्रमाणिकरण गरेको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "अभिभावक" भन्नाले कार्यक्रममा सहभागी भएका छोरीको बावु वा आमा वा दुवै लाई सम्झनुपर्छ र सो शब्दले धर्मबाबु वा धर्मआमा वा छोरीको पालन पोषण गर्ने एकाघरको मुख्य ब्यक्ति समेतलाई जनाउँदछ ।

(ख) "कार्यक्रम" भन्नाले "स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ग) "खातावाला" भन्नाले "स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रम अन्तर्गत खाता खोलिएको छोरीलाई सम्झनु पर्दछ ।

(घ) "नगर कार्यपालिकाको कार्यालय" भन्नाले तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर दाङ सम्झनु पर्दछ ।

(ङ) “शाखा” भन्नाले स्वास्थ्य तथा सामाजिक विकास महाशाखा अन्तर्गत महिला वालवालिका तथा सामाजिक विकास शाखालाई सम्झनु पर्छ ।

(च) “सम्झौता” भन्नाले तुलसीपुर उप महानगरपालिका र सेवा प्रदायक संस्था बीच भएको सम्झौतालाई सम्झनु पर्दछ ।

(छ) “स्थायी वसोवास” भन्नाले खातावालाको स्थायी बसोवास तुलसीपुर उपमहानगरपालिका तुलसीपुर दाङ भित्र रहेको सम्झनु पर्दछ ।

(ज) “संरक्षक” भन्नाले अभिभावक विहीन छोरीको पालन पोषण तथा संरक्षण गर्ने उद्देश्यले कानून बमोजिम संचालित अनाथालय वा वैकल्पिक स्याहार दिने संस्थाका प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले व्यक्ति संरक्षक भएकोमा त्यस्ता व्यक्ति समेतलाई जनाउनेछ ।

(झ) “सेवाप्रदायक संस्था” भन्नाले नेपाल राष्ट्रबाट इजाजत प्राप्त गरी तुलसीपुर उपमहानगरपालिका भित्र कार्यक्षेत्र रहेको तथा यस कार्यविधि कार्यान्वयन गर्नका लागि तुलसीपुर उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयसँग सम्झौता गरेको “ क” वर्गको बाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

(ञ) “निर्देशक समिति” भन्नाले तुलसीपुर उप महानगरपालिकामा “ स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी” कार्यक्रमलाई नीतिगत रुपमा मार्गदर्शन, संचालन तथा व्यवस्थापन गर्नाका लागि नगर प्रमुखको संरक्षकत्वमा गठित यस कार्यविधिको अनुसुची ५ मा उल्लेख भए अनुसारको निर्देशक समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

**३. कार्यक्रममा आवद्ध हुने:**

(१) संवत् २०७७ साल श्रावण १ गते वा सो मिति भन्दा पछि जन्मेका छोरीलाई कार्यक्रममा आवद्ध गराउनका लागि निजका अभिभावक वा संरक्षकले नियमानुसार ३५ दिनभित्र जन्मदर्ता गरी सोको प्रमाण सहित आवश्यक अन्य कागजातहरु संलग्न गरी तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) तुलसीपुर उप महानगरपालिका नगरकार्यपालिकाले उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा कागजातको जाँचबुझ गरी यस कार्यविधि बमोजिम आवश्यक कागजात र प्रक्रिया पुऱ्याई कार्यक्रम अन्तर्गत खाता खोल्नको लागि कागजात सहित सम्वन्धित अभिभावक वा संरक्षक मार्फत सेवा प्रदायक संस्थामा अनुसूची - २ बमोजिमको ढाँचामा सिफारिस गरी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सिफारिस भई आए पश्चात सेवा प्रदायक संस्थाले कार्यक्रम अन्तर्गत नियमानुसार खाता खोली खातावालालाई खाता खुलेको निस्सा जारी गर्नेछ र सोको खाता नम्बर सहितको विवरण अनिवार्य रुपमा तुलसीपुर उप महानगरपालिका नगर कार्यपालिकामा पठाउनु पर्नेछ ।

(४) संवत् २०७७ साल श्रावण १ गते वा सो मिति पछि जन्मिएका छोरीहरु लाई कार्यक्रममा आवद्ध गर्नु निजका अभिभावकको कर्तब्य हुनेछ ।

(५) प्रचलित कानून बमोजिम स्थापित अनाथालय वा बैकल्पिक स्याहारमा अश्रित रहेका नवजात छोरीहरु लाई कार्यक्रममा आवद्ध गर्नु त्यस्तो संस्थाका प्रमुख वा संरक्षकको कर्तब्य हुनेछ ।

**४. तुलसीपुर उपमहानरपालिका नगर कार्यपालिकाको कार्यालयले रकम उपलब्ध गराउने तथा रकम खातामा जम्मा हुनेः**

(१) संवत् २०७७ साल साउन १ गते वा सो मिति पछि जन्मिएका तुलसीपुर उपमहानगरपालिका भित्रका छोरीलाई कार्यक्रम अन्तर्गत तुलसीपुर नगर कार्यपालिकाले निज छोरी २० वर्षको हुँदासम्म जन्मेको पहिलो महिनामा रु. १२००। (एकहजार दुई सय रुपैया) र हरेक वर्षमा थप १२०० (मासिक रु १०० का दरले हुन आउने रकम ) का दरले सोही खातामा जम्मा हुनका लागि रकम उपलब्ध गराउने छ । यसरी उपलब्ध गराउने रकम तुलसीपुर उप महानगरपालिका नगरकार्यपालिको कार्यालयले आवश्यकतानुसार हेरफेर गर्ने सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तुलसीपुर नगर कार्यपालिकाले वार्षिक रुपमा वजेट विनियोजन गरि सम्वन्धित शाखा, महाशाखामा रकम उपलब्ध गराउने छ । यस्तो रकम सम्वन्धित शाखा महाशाखाले सेवा प्रदायक संस्थाको प्रतिवेदन अनुसार संस्थाले छोरीको नाममा खाता खोली जम्मा गरेको रकम सो सँस्थालाई उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिम तुलसीपुर उप महानगरपालिकाले दफा २ को उपदफा (१) बमोजिम सेवा प्रदायक संस्थाबाट प्राप्त विवरण अनुसारका खातावालाको बैंक खातामा उपदफा (१) बमोजिम हुने गरी मासिक रुपमा घोषित रकम जम्मा गरिदिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम तुलसीपुर उप महानगरपालिकाले प्रति छोरीको खातामा जम्मा गरेको घोषित रकममा सम्वन्धित सेवा प्रदायक संस्थाले आफ्नो तर्फवाट संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत कार्यक्रम प्रवर्धन गर्नका लागि छोरीको खातााामा थप रकम अनुसूची (३)बमोजिमको सम्झौतामा उल्लेख भए अनुसार जम्मा गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिम सेवा प्रदायक संस्थाले छोरीको खातामा जम्मा गरेको थप रकम तुलसीपुर उप महानगरपालिकावाट भुक्तानी पाउने छैन ।

(६) यस कार्यविधि बमोजिम खोलिएको बैंक खातामा सम्बन्धित खातावाला वा निजका अभिभावक वा संरक्षकले आफ्नो तर्फबाट समेत रकम जम्मा गर्न सक्नेछन ।

(७) उपदफा (१) बमोजिमको रकम एक दम्पतीको बढीमा दुई छोरीलाई मात्र उपलब्ध गराइने छ । तर दफा (३) को उपदफा (५) वमोजिमको संरक्षणमा रहेका छोरीहरुको लागि यो सीमा लागु हुने छैन ।

(८) देहायको अवस्थामा उपदफा (१) बमोजिमको रकम खातावालालाई उपलब्ध हुने छैन ।

(क) छोरीको उमेर २० (विस) वर्ष पुगेमा ।

(ख) कार्यक्रममा सहभागी छोरीले माध्यामिक तह सम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बीचैमा छोडेमा ।

(ग) उमेर २० (विस) वर्ष नपुग्दै विवाह गरेको अवस्थामा ।

(९) उपदफा (८) अनुसारको अवस्था भएमा त्यस्तो जानकारी तुलसीपुर उप महानगरपालिकालाई दिनु सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकको कर्तब्य हुनेछ । यसरी जानकारी प्राप्त हुन आएमा वा अन्य स्रोतबाट प्राप्त जानकारीको आधारमा समेत अभिलेख ब्यवस्थित गर्नुपर्ने छ ।

**५. खातावालाले पाउने सेवा सुविधा सम्बन्धि ब्यवस्थाः**

(१) कार्यक्रम अन्तर्गत खातावालाले पाउने सेवा सुविधा तुलसीपुर उप महानगरपालिका र सेवा प्रदायक संस्थावीचको सम्झौता बमोजिम हुनेछ ।

(२) सेवा प्रदायक संस्थाले उपदफा (१) बमोजिमको सम्झौता अनुसार खातावालाले पाउने ब्याज तथा अन्य नगद सुविधाहरु सम्बन्धित ब्यक्तिको खातामा नै जम्मा गर्नु पर्नेछ ।

(३) सम्झौता बमोजिम खातावालालाई नगद बाहेकमा जिन्सी सामाग्री वा अन्य सुविधाहरु उपलब्ध गराउनु पर्ने अवस्थामा सेवा प्रदायक संस्थाले तुलसीपुर उप महानगरपालिकासँग समन्वय गरी निश्चित विधि अपनाई त्यस्ता सुविधाहरु उपलब्ध गराउन सक्नेछ ।

**६. खातामा जम्मा भएको रकम भुक्तानी सम्वन्धी ब्यवस्थाः**

(१) खातामा जम्मा भएको रकम भुक्तानीको लागि खातावालाले २० वर्ष पुरा भएको र माध्यामिक तह सम्मको शिक्षा पुरा गरेको प्रमाण सहितको निवेदन तुलसीपुर उप महानगरपालिकामा पेश गर्नु पर्नेछ । यस्तो निवेदन प्राप्त भएपछि तुलसीपुर उप महानगरपालिकाले रकम भुक्तानी दिनको लागि सम्बन्धित सेवा प्रदायक संस्थालाई लेखी पठाउनेछ । यसरी लेखी आएपछि मात्र सेवा प्रदायक संस्थाले खातावालाको खातामा जम्मा भएको रकम तथा नियमानुसार प्राप्त हुने ब्याज र अन्य रकम एकमुष्ट रुपमा सम्बन्धित खातावालालाई भुक्तानी गर्नेछ ।

(२) यस कार्यकममा आवद्ध खातावालाको खातामा दफा (४) को उपदफा (७) को अनुसारको अवस्थामा समेत रकम जम्मा भएको रहेछ भने त्यस्तो रकम निजलाई भुक्तानी दिइने छैन ।

(३) तुलसीपुर उप महानगरपालिकाले उपदफा (१) बमोजिमको ब्यहोरा आफ्नो अभिलेखमा राख्नु पर्नेछ ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा त्यस्तो ब्यहोरा पुष्टी हुने कागजात सहित खातावाला वा निजका अभिभावक वा संरक्षकले खाताको म्याद पुग्नु अगावै वा छोरीको माध्यामिक तह सम्मको शिक्षा पुरा नहुँदै पनि

खातामा रहेको रकम भुक्तानीको लागि तुलसीपुर उप महानगरपालिकामा निवेदन दिन सक्नेछ । पालिकाले वुझ्दा सो ब्यहोरा पुष्टी हुन आएमा खाताको समयावधि समाप्त हुन अगावै पनि खातामा रहेको रकम सम्वन्धित खातावालालाई भुक्तानी दिनको लागि सेवा प्रदायक संस्थालाई लिखित जानकारी गराउने छ । यसरी जानकारी प्राप्त हुन आएमा सेवा प्रायक संस्थाले सम्बन्धित खातावाला वा अभिभावक वा संरक्षकलाई म्याद पुग्नु अगावै पनि रकम भुक्तानी दिनु पर्नेछ ।

क) खातावाला छोरीको मुत्यु भएमा त्यस अवधि सम्म जम्मा भएको रकम संरक्षकलाई भुक्तानी दिनु पर्नेछ ।

ख) असाध्य वा कडा रोग लागेको वा गम्भीर प्रकृतिको अपाङ्गता भएको भनी सरकारी अस्पतालबाट प्रमाणित भई सोही कारणले माध्यामिक तह सम्मको शिक्षा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएमा वा

ग) अभिभावक वा संरक्षक (ब्यक्ति संरक्षक भएको अवस्थामा) को मुत्यु भई आर्थिक कठिनाईका कारणले विद्यालय शिक्षालाई निरन्तरता दिन वा पुरा गर्न नसकेको वा नसक्ने अवस्था भएको खातावाला वसोवास गर्ने वडाको सिफारिस भई आएमा ।

(५) खाताको समयावधि समाप्त हुनु आगवै उपदफा (४) को खण्ड (क) बमोजिम रकम भुक्तानी भएको अवस्थामा त्यस्तो खाताको निरन्तरता रहने छैन । तर खण्ड (ख) र (ग) को अवस्थामा भने खाताको समयावधि सम्म रकम निरन्तर जम्मा भईरहनेछ ।

(६) उपदफा (४) र दफा ३ को उपदफा (१) बमोजिम पेश हुन आएको ब्यहोरा वा कागजात र प्रमाणहरु झुठ्ठा वा किर्ते ठहरिएमा तुलसीपुर उप महानगरपालिकाले सेवा प्रदायक संस्थालाई सोको जानकारी गराउनेछ । यस्तो अवस्थामा खाता खोलिने छैंन । खोलि सकिएको खाताको हकमा त्यस्तो खातामा रहेको रकम खातावालालाई भुक्तानी गरिन छैन । यसरी झुठ्ठा ब्यहोरा वा कागजात वा प्रमाणहरु पेश गर्ने ब्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही समेत हुनेछ ।

(७) उपदफा (६) बमोजिम सम्बन्धित खातावालालाई भुक्तानी हुन नसकेको रकम सेवा प्रदायक संस्थाबाट तुलसीपुर उप महानगरपालिकाले फिर्ता लिई सोही कार्यक्रममा खर्च हुने ब्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद- ३
## सेवा प्राप्ती सम्बन्धी ब्यवस्था

### ७. सेवा प्राप्त गर्नेः

(१) तुलसीपुर उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आफ्नो बैंङ्किङ्ग कारोवार गरिरहेको सेवा प्रदायक संस्था सँग अनुसूची - ३ मा उल्लेखित विषयहरु समेत समेटिने गरी सम्झौता गरी कार्यक्रम अन्तर्गत खाता संचालनको सेवा प्राप्त गर्नेछन् ।

(२) उपदफा (१) बमोजिम सेवा प्रदायक संस्थासँग सेवा प्राप्त गर्न सक्ने अवस्था नभएमा सम्बन्धित स्थानीय तहले अन्य सेवा प्रदायक संस्थासँग समेत सेवा प्राप्त गर्न सक्नेछन् ।

## ८. सम्झौता रद्द हुने:

(१) दफा ७ बमोजिम तुलसीपुर उप महानगरपालिका र सेवा प्रदायक संस्थावीच भएको सम्झौता देहायको अवस्थामा रद्द हुनेछः -

(क) सेवा प्रदायकको सम्झौता अनुसार खातावालालाई सेवा प्रदान नगरेमा ।

(ख) सम्झौताका शर्त तथा यस कार्यविधि बमोजिमका व्यवस्थाको पालना नहुनाले कुनै पक्षलाई असुविधा पर्न गएमा सोको जानकारी अर्को पक्षलाई गराइ सम्झौता रद्द गर्न सकिने छ ।

(ग) तुलसीपुर उपमहानगरपालिकाले कार्यक्रम खारेज गरेमा वा कार्यक्रमलाई निरन्तरता दिन नसकिने अन्य कुनै कारण परेमा उपमहानगरपालिकाको नगरकार्यपालिको कार्यालयले कुनै पनि समयमा सम्झौता रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा जम्मा रहेको रकम सम्बन्धित खातावालालाई यस कार्यविधि बमोजिमको प्रक्रिया पुरा गरी भुक्तानी दिइनेछ र खण्ड (क) र (ख) बमोजिम सम्झौता रद्द भएको अवस्थामा खातामा रहेको रकम अन्य सेवा प्रदायक संस्थामा खाता खोली स्थानान्तरण गरिनेछ ।

# परिच्छेद-४
# विविध

## ९. अभिलेख तथा प्रतिवेदन:

(१) तुलसीपुर उप महानगरपालिकाको सम्बन्धित शाखा महाशाखाले कार्यक्रममा आवद्ध छोरीहरुको आधारभुत अभिलेख अनुसूची- ४ बमोजिम ढाँचामा अद्यावधिक गरी राख्नु पर्ने छ। यसरी अद्यावधिक गरेको विवरण प्रत्येक महिना आफ्नो वेवसाइट र सूचना पाटीमा समेत प्रकाशित गर्नु पर्नेछ ।

(२) कार्यक्रमको संचालन, प्रतिवेदन र अभिलेख लगायतको कार्यलाई व्यवस्थित गर्नको लागि तुलसीपुर उप महानगरपालिकाले व्यवस्थापन सूचना प्रणालीको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ ।

## १०. अनुगमन मूल्यांकन तथा निर्देशन:

(१) कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रमुख, उप प्रमुख तथा नगर कार्यपालिकावाट हुनेछ ।

## ११. कार्यक्रमको खर्च व्यवस्थापन:

(१) कार्यक्रम संचालनका लागी तुलसीपुर उपमहानगरपालिकाको नगर कार्यपालिकाले हरेक आ.व. मा वजेट विनियोजन गरि खर्च व्यवस्थापन गर्नेछ ।

(२) कार्यक्रम संचालनका क्रममा अनुसूचीहरुको तयारी तथा अन्य स्मार्ट छोरी सम्वन्धि सहायक कार्यक्रमहरु संचालन गर्न तुलसीपुर उप महानगरपालिकाले आवश्यक वजेट विनियोजन गर्न सक्नेछ ।

**१२. लेखा परिक्षणः यस कार्यक्रमको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।**

**१३. अधिकार प्रत्यायोजनः**

यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने तुलसीपुर नगर कार्यपालिकाको कार्यालयले मातहतका शाखा, महाशाखालाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**१४. बाधा अड्कन फुकाउ तथा संशोधनः**

(१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा अड्काउ परेमा तुलसीपर उप महानगरपालिका नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाई कार्यक्रम सुचारु गर्न सक्नेछ ।

(२) कार्यविधिमा कुनै संशोधन गर्न आावश्यक भएमा तुलसीपुर उप महानगरपालिकाको नगर कार्यपालिका बैंठकबाट संशोधन हुनेछ ।

## अनुसूची-१

( दफा ३ को उपदफा (१) सँग सम्वन्धित)

आवद्धताका लागि स्थानीय तहमा दिने निवेदनको ढाँचा

| छोरीको फोटो | अभिभावक वा संरक्षकको फोटो |
|---|---|

मितिः ..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय,
लुम्बिनी प्रदेश, तुलसीपुर दाङ ।

**विषयः कार्यक्रममा आवद्धता सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको " स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रममा सहभागी हुन म स्वयं पनि मेरो छोरीका लागि मन्जुर भई आवद्धताका लागि यो निवेदन गरेको छु ।

छोरीको नामः ........................ जन्म मितिः .....................................
जन्मदर्ता नम्बरः ............................. जन्म दर्ता मितिः .............................
बुवाको नामः ............................ आमाको नामः .................................
बाजेको नामः ............................. बज्यैको नामः .............................
संरक्षकको नाम............................

यस कार्यक्रममा सहभागी हुन निम्न शर्तहरु पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

१. म छोरी पढाउने र कम्तिमा माध्यामिक तह सम्म पुरा गराउने प्रतिबद्धता व्यक्त गर्दछु ।
२. प्रचलित कानूनको अधिनमा रही छोरीको उमेर २० वर्ष पुरा नभए सम्म विवाह गराउने वा विवाहका लागी प्रेरित गर्ने छैन ।
३. छोरीको स्वस्थ जिवनका लागी सरकारवाट संचालित नियमित खोप कार्यक्रमवाट समावेश सम्पुर्ण खोप पुरा गराउने छु ।
४. कार्यक्रमका शर्त, नियम तथा निर्देशन र प्रतिवद्धता बाहिर अन्य कुनै सेवा र सुविधाको दावी गर्ने छैन ।
५. म छोरा छोरी विच लालनपालन, हेरचाह र संरक्षणमा कुनै असमान व्यवहार गर्ने छैन ।

६. यो कार्यविधि बमोजिमको अवधि वा अवस्था पुरा भएपछि प्राप्त हुने रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरी निजको उज्ज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु ।

७. उपरोक्त शर्तहरु पुरा गर्न नसकेको अवस्थामा कार्यक्रम अन्तर्गत तुलसीपुर उपमहानगरपालिकाको “स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी” कार्यक्रमले उपलब्ध गराएको बैंक खाता रोक्का गर्न वा खाता वन्द गरी सो खातामा भएको सम्पूर्ण रकम फिर्ता गर्न सहमती ब्यक्त गर्दछु ।

आवेदनमा पेश भएको ब्यहोरा र कागजातहरु साँचो हुन् । झुठ्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

छाप — निवेदकः वुवा/आमा वा संरक्षक

| दायाँ | बायाँ |
| --- | --- |
| | |

**हस्ताक्षरः**

**नामः** ......................................

**ठेगानाः** ....................................

**मितिः** ........................................

*पेश गर्नुपर्ने कागजातहरुको विवरण*

१. छोरीको जन्म दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

२. अभिभावक दुवै जनाको नागरिताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

३. छोरीको पासपोर्ट साइजको फोटो थान - ६

४. अभिभावक वा संरक्षकको पासपार्ट साइजको फोटो थान - ६

५. बैकल्पिक स्याहारमा रहेको छोरीको हकमा संरक्षण गर्ने संस्थाले संरक्षकत्व ग्रहण गरको अवस्थामा संरक्षकत्व प्राप्त गरेको प्रमाणको प्रमाणित प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

६. ब्यक्ति संरक्षक भएको अवस्थामा ब्यक्तिको नागरिता प्रमाण पत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि ।

७. अस्पताल वा स्वास्थ्य केन्द्रमा प्रसुती भएको भए सम्भव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि ।

**कार्यलय प्रयोजनका लागि**

**दर्ता मितिः** .................................................................................... **ब्य.सू.प्र.को कोड** ...............................................

**कार्यक्रम आवद्ध गराउने निर्णय भएको मिति** ...............................................................

**प्रमाणित गर्ने अधिकारीको हस्ताक्षरः**

**नामः**

**दर्जाः**

**मितिः**

## अनुसूची- २
(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

खाता खोल्नको लागि स्थानीय तहले सेवा प्रदायक संस्थामा सिफारिस गर्ने ढाँचा

**तुलसीपुर उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**तुलसीपुर दाङ ।**

श्री प्रबन्धक ज्यू,
.................................... बैंक
.........................................
तुलसीपुर उपमहानगरपालिका, तुलसीपुर दाङ ।

विषयः खाता खोलिदिने वारे ।

प्रस्तुत विषयमा यस तुलसीपुर उपमहानगरपालिकाले बैंक खाता "स्मार्ट छोरी, विहेवारी २० वर्ष पारी" कार्यक्रम अन्तर्गत देहायका छोरीहरुको खाता खोलिदिनु हुन आवश्यक कागजात सहित सिफारिस गरी पठाइएको छ । निजहरुको खाता खोली खाता नम्बर सहितको जानकारी यस कार्यालयमा पठाईदिनु हुन अनुरोध छ ।

देहायः

| क.सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | अभिभावक वा संरक्षकको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |

दस्तखतः
नामः
पदः प्रमुख प्रशासकीय अधिकृत /प्रमुख शाखा / महाशाखा
........................................शाखा/ महाशाखा

## अनुसूची-३

(दफा ७ सँग सम्वन्धित)

<u>सम्वन्धित स्थानीय तह र सेवा प्रदायक संस्थाबीच हुने सम्झौता खुलाउनु पर्ने विषयहरु</u>

१. सम्झौताको अवधिः कार्यविधि बमोजिम रद्द नहुँदासम्म ।

२. खाता खोल्दा न्यूनतम मौज्दातः शुन्य मौज्दात ।

३. ब्याजदरः सेवा प्रदायक संस्थाले उपलब्ध गराउन सक्ने उच्चतम ब्याजदर ।

४. वीमाः कार्यक्रम अन्तर्गत खोलिएका खातामा रहेको बचत रकम कुनै पनि अवस्थामा जोखिममा नपर्ने व्यवस्था ।

५. थप बोनस वा अन्य कुनै लाभः खातामा मौज्दात रहने रकमको ब्याजका अतिरिक्त थप बोनस वा अन्य कुनै लाभ ।

६. नगद वा सामाग्री सहयोगः सेवा प्रदायक संस्थाले छोरीहरुको सुरक्षित भविष्य प्रवर्धन गर्नका लागि उपलब्ध गराउन सक्ने सामाजिक उत्तरदायित्व ( नगद, छात्रवृत्ति, शैक्षिक सामाग्री)

७. सेवा शुल्कः रकम जम्मा गर्ने/झिक्ने लगाएतका अन्तर बैंक सेवा लिँदा शुल्क नलाग्ने व्यवस्था ।

८. सुरक्षित लगानीः बैंकले नै मुनाफा हुने क्षेत्रमा लगानी गरी खातामा रकम वढाईदिने व्यवस्था ।

९. सुचना आदान प्रदान तथा खातामा रकम जम्मा गर्ने सम्बन्धीः बैंकले खाता खोलेको जानकारी लगायतका सूचना सम्बन्धित स्थानीय तहलाई समयमै उपलब्ध गराउने र सम्बन्धित स्थानीय तहले नियमित रुपमा रकम जम्मा गर्नुपर्ने ।

१०. अन्य विवरणहरुः

## अनुसूची - ४

(दफा ९ को उपदफा (१) संग सम्बन्धित)

<u>सम्बन्धित स्थानीय तहले राख्ने अभिलेखको ढाँचा</u>

तुलसीपुर उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर दाङ ।

| क्र. सं. | खातावाला छोरीको नाम | जन्म मिति | जन्म दर्ता नं र दर्ता मिति | बुवा र आमाको नाम र ना.प्रा.नं. | अभिभावक वा संरक्षकको नाम र ना.प्रा.नं. | ठेगाना | खाता खोलको मिति | खाता खोलको बैंकको नाम | बैंक खाता नंवर | खाताको अवधि पुग्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

## अनुसूची - ५

(दफा २ को उपदफा (ञ) संग सम्बन्धित)

<u>निर्देशक समिति</u>

संरक्षक : नगर प्रमुख

संयोजक : नगर उप प्रमुख

सदस्य : संयोजक, सामाजिक विकास समिति

सदस्य : अध्यक्ष्य, स्थानीय बाल अधिकार समिति

सदस्य : सदस्य, महिला तथा वालवालिका क्षेत्र हेर्ने कार्यपालिकाका महिला सदस्य १ जना

सदस्य : सदस्य, दलित जनजातिको कोटावाट मनोनित महिला कार्यपालिका सदस्य १ जना

सदस्य : महिला तथा वालवालिका क्षेत्रमा कार्यरत सामाजिक व्यक्तित्व र विज्ञगरी ( नगर प्रमुखवाट मनोनित ) २ जना ।

सदस्य : प्रमुख, जनस्वास्थ्य प्रवर्धन शाखा ।

सदस्य : नगर वाल संजालको बालिका प्रतिनिधि १ जना ।

सदस्य सचिवः प्रमुख, महिला, वालवालिका तथा सामाजिक विकास शाखा ।

## अनुसूची - ६

(दफा २ को उपदफा (ञ) संग सम्बन्धित)

<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>

क) कार्यक्रम संग सम्वन्धित नीति तथा कार्ययोजना नगर कार्यपालिकामा पारित गर्न सिफारिस गर्ने ।

ख) कार्यक्रम संचालनका लागी आवश्यक निर्देशन गर्ने ।

ग) कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

घ) कार्यक्रममा आएका वाधा अड्काउ फुकाउन कार्यविधिमा समयानुकुल परिमार्जन गर्न सिफारिस गर्ने ।

ङ) कार्यक्रम कार्यान्वय गर्न तोकिएको महाशाखा /शाखा वाट प्राप्त वार्षिक प्रगति प्रतिवेदनलाई कार्यपालिकामा पेश गर्ने ।